# नेपाल सरकार
## अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभाग
## विज्ञापन सम्बन्धी सिलवन्दी वोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७४/१२/१३

यस विभागबाट सार्वजनिक हुने कर सम्बन्धी सूचनाहरु एक वर्षको लागि टेलिभिजन, रेडियो/एफ.एम. तथा “क” वर्गका नेपाली राष्ट्रिय दैनिक पत्रिकाहरूमा विज्ञापन एजेन्सी मार्फत प्रसारण तथा प्रकाशन गराउनु पर्ने भएकोले सम्बन्धित निकायमा दर्ता भई आ.व. २०७४/७५ सम्मको नवीकरण गरेको इजाजत प्राप्त कम्तीमा ५ (पाँच) वर्ष विज्ञापन सम्बन्धी कार्यानुभव भएको र मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक विज्ञापन एजेन्सीहरूबाट निम्न शर्तहरूको अधिनमा रही निम्न प्याकेजहरुमा काम गर्नका लागि रेडियो/एफ.एम., टेलिभिजनका लागि छुट्टाछुट्टै सिलवन्दी बोलपत्र वा e-bidding मध्ये कुनै एक माध्यमबाट वोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ ।

| प्याकेज नं. | विवरण | वैंक जमानत रकम |
|---|---|---|
| प्याकेज नं. १ | रेडियो/एफ.एम.बाट कर सम्बन्धी सूचना प्रसारण गर्नुपर्ने कार्य | रु ३,५७,०००।- |
| प्याकेज नं. २ | टेलिभिजनबाट कर सम्बन्धी सूचना प्रसारण गर्नुपर्ने कार्य | रु ३,५६,०००।- |
| प्याकेज नं. ३ | पत्रपत्रिकाहरुमा कर सम्बन्धी सूचनाहरु प्रकाशित गर्नुपर्ने कार्य | रु ५,५०,०००।- |

१. यो सूचना प्रथम पटक प्रकाशन भएको ईच्छुक इजाजत प्राप्त एजेन्सीले संस्था दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७३/७४ को करचुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी साथ प्रति प्याकेज नगद रु ३,०००।- (अक्षरेपी रू. तीन हजार मात्र) पछि फिर्ता नहुने गरी तिरी यस विभागबाट वोलपत्रसम्बन्धी कागजात मिति २०७५ साल बैशाख १२ गते सम्म कार्यालय समय सम्म खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको वोलपत्र सम्बन्धी कागजात रीतपूर्वक भरी प्रत्येक पानामा सही छाप गरी सिलवन्दी गरी यो सूचना प्रकाशन भएको मितिले ३१ औ दिन २०७५ साल बैशाख १३ गते दिनको १२:०० बजे भित्र यस विभागमा पेश गर्नु पर्नेछ । सोही दिनको १४:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस विभागमा उक्त बोलपत्रहरु खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. वोलपत्रदाताले तीन आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि, आर्थिक वर्ष २०७३/७४ को करचुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, कार्य अनुभबको प्रमाणित कागजात, सम्बन्धित मिडिया एजेन्सी टेलिभिजन, रेडियो/एफ.एम. तथा “क” वर्गका नेपाली राष्ट्रिय दैनिक पत्रिकाको प्रकाशकसंग आ.व. २०७४/०७५ सम्मको लागि नवीकरण गराएको प्रमाणित प्रतिलिपि तथा सञ्चार माध्यमहरूमा आगामी आ.व.मा काम गर्नका लागि गरेको सम्झौता तथा प्रत्याभूति पत्रको प्रमाणित प्रतिलिपि साथै पेश गर्नु पर्नेछ । टेलिभिजन, रेडियो/एफ.एम ले संचालन अनुमति लिएको प्रमाण समेत पेश गर्नु पर्नेछ ।

४. वोलपत्रदाताले जमानत वापत प्रत्येक कार्यको लागि छुट्टा छुट्टै वोलपत्र माथि उल्लेख भए अनुसारको रकम राष्ट्रिय वाणिज्य वैंक ठमेल स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौं,भुक्तानी केन्द्र नं.३ लैनचौरको धरौटी खाता नं. स.अ. ११००२०३ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको १२० दिन मान्य अवधि (वोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० दिन सम्म हुने गरी) रहेको बोलपत्र जमानत (बिडबण्ड) पेश गर्नु पर्नेछ । वोलपत्र स्वीकृत भए पछि प्रत्येक प्याकेजका लागि लागत रकमको कूलमा ५ प्रतिशतले कार्यसम्पादन जमानत रकम नघट्ने गरी विभागले तोकेको बांडफाँड अनुसार सम्झौता हुने मिति देखि १३ महिना अवधिका लागि मान्य भएको कार्यसम्पादन जमानत (परफरमेन्स बण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

५. वोलपत्र स्वीकृत भई सम्झौता गर्न आउँदा सम्बन्धित मिडियाहरुबाट एक वर्षको लागि स्वीकृत भएको दररेट (रेटकार्ड) को सक्कल प्रति सम्बन्धित मिडियाबाट प्रमाणित गराई बोलपत्रदाताले समेत सही छाप गरी यस विभागमा पेश गर्नु पर्नेछ ।

६. बोलपत्रदाता कालो सूचीमा नपरेको हुनु पर्नेछ । साथै प्रस्तावित खरिद कार्यसँग कुनै स्वार्थ नबाझिएको वा पेशा वा व्यवसाय सम्बन्धी कसूरमा कुनै सजाय नपाएको हुनु पर्नेछ र सोको स्वयं घोषणा गर्नु पर्ने छ ।

७. वोलपत्रदाताले वोलपत्र साथ पेश गर्नुपर्ने कागजातहरूको प्रतिलिपि पेश गर्दा नोटरी पव्लिकबाट अनिवार्य रुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

८. वोलपत्रको प्रत्येक खण्डमा उल्लेखित रकम अङ्क र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

९. छनौट सम्बन्धी निर्णय गर्दा सबैभन्दा बढी छुट दिने टेलिभिजन, रेडियो/एफ.एम. तथा “क” बर्गका पत्रपत्रिकामा जुन बोलपत्रदाताबाट सबैभन्दा बढी छुट दिने प्रस्ताव पेश भएको छ, सोही टेलिभिजन, रेडियो/एफ.एम तथा “क” वर्गका पत्रपत्रिकाको हकमा मात्र वोलपत्रदातालाई छनौट गरिनेछ ।

१०. वोलपत्रदाताले कुनै पनि शर्त राखी पेश गरेको वोलपत्र मान्य हुने छैन ।

११. सम्बन्धित वोलपत्रदाता मिडिया एजेन्सीहरूबीच यस वोलपत्र सम्बन्धी पूर्व वैठक मिति २०७५ बैशाख २ गते दिनको १:०० बजे यस विभागमा बस्नेछ ।

१२. E-bidding मा भाग लिनको लागि वोलपत्रदाताहरुले www.bolpatra.gov.np मा login गरी भाग लिन सकिने छ । e-bidding मा भाग लिन वोलपत्र साथ पेश गर्नु पर्ने कागजातहरु उपरोक्त Portal मा स्क्यान कपी PDF फाइलमा Upload गर्नु पर्नेछ । वोलपत्र दस्तुर वापतको रकम यस विभाग (कार्यालय कोड नं.२७/३०५/०३) को तर्फबाट रा.वा.वैंक ठमेल शाखामा कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौ भुक्तानी केन्द्र नं. ३, लाजिम्पाटको राजस्व हि.नं.१४२२७ मा जम्मा गरेको भौचरको स्क्यान कपी पेश गर्नु पर्नेछ ।

१३. E-bidding मा भाग लिएका वोलपत्रदाताहरुले पेश गरेको दररेट तथा अन्य कागजातहरुको हार्ड कपी दाखिला गर्ने अन्तिम दिनको ३ दिन भित्र कार्यालयमा पेश गर्नु पर्नेछ । समयमा कागजात पेश नगरे वा फरक कागजात पेश भएमा सो वोलपत्रदाताको वोलपत्र मूल्यांकनवाट स्वतः हटाईनेछ ।

१४. यस सूचनामा उल्लेख गरिएका कुराहरू यसै सूचना बमोजिम र अन्य आवश्यक कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ । यो बोलपत्र सम्बन्धी सूचना यस विभागको Website: http://www.ird.gov.np/ मा हेर्न सकिने छ । थप जानकारीका लागि यस विभागको करदाता सेवा शाखा र प्रशासन शाखा, फोन नं. ०१४४१५८०२ मा सम्पर्क गर्न सकिनेछ ।